## पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष श्री राम प्रसाद उपाध्याय ज्यू द्वारा
## गाउँसभाको १९औं अधिवेशनमा प्रस्तुत गरीएको
## आर्थिक वर्ष २०८३/०८४ को

**नीति तथा कार्यक्रम-२०८३/०८४**

## पूर्वीचौकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## सानागाउँ, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

यस पूर्वीचौकी गाउँपालिकाको गाउँ सभाको १९औं अधिवेशनमा उपस्थित उपाध्यक्ष ज्यू, सचिव ज्यू, गाउँ सभाका सभासद ज्यूहरु, राष्ट्रसेवक कर्मचारी ज्यूहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधी ज्यूहरु, संचारकर्मी मित्रहरु र सम्पुर्ण उपस्थित आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु, समाजसेवी, बुद्धिजिवी महानुभावहरु, पूर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहान्छु ।

<u>आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :</u>

१. यस अवसरमा म सर्वप्रथम नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टचार नियन्त्रण, आर्थिक रुपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङक्षा सहित २०८२ भाद्र २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागीतामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने नागरिक तथा राष्ट्रसेवक एवम् लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नु हुने विर शहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनु भएका सम्पूर्ण व्यक्तिहरुको शिघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । साथै विभिन्न राजनीतिक आन्दोलनको क्रममा घाइते व्यक्तिहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त अनुरुप कार्य गर्ने यस सभामा प्रतिवद्धता जनाउन चाहान्छु ।

३. आर्थिक समृद्धि मार्फत गरीबी निवारण गरी समाजमा सुशासन, अमनचयन कायम गराउनमा हामी प्रतिवद्ध भई सो अनुरुपको नीति तथा कार्यक्रम निर्माणका लागि हामी प्रतिवद्ध छौ ।

४. नेपालको संविधान, अन्तराष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्य, सोह्रौं पञ्चवर्षिय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, विगतको अनुभव र राम्रा अभ्यासका आधारमा यो नीति तथा कार्यक्रम तयार पारिएको छ ।

आदरणीय सभासद ज्यू तथा उपस्थति महानुभावहरु :

<u>यस नीति, कार्यक्रम तथा बजेटका मूलभुत उद्देश्यहरु देहाय बमोजिम रहेका छन्</u>

- गुणस्तरीय तथा दिगो पूर्वाधार निर्माणं, सुरक्षित खानेपानी, रोजगार अभिवृद्धि, समावेशी आर्थिक वृद्धि तथा गरीबी निवारण गर्दै पूर्वीचौकी गाउँपालिकाको समृद्धिको आधार निर्माण गर्ने ।

- गुणस्तरीय एवं समावेशी स्वास्थ्य तथा शिक्षा, सन्तुलित वातावरण र जवाफदेही सार्वजनिक सेवाको अनूभुति गराइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको सामाजिक-आर्थिक रुपान्तरण गरी समकक्षी समक्ष आफूलाई उदाहरणीय पालिकाको रुपमा स्थापित गर्ने मार्गमा अग्रसर गर्नेछ ।
- कृषि तथा पशुपालनको आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
- सुशासन, पारदर्शिता र डिजिटल सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण गर्ने।
- पर्यटन, संस्कृति र वातावरण संरक्षणमार्फत आर्थिक विकासलाई टेवा पुऱ्याउने।

<u>आदरणीय सभासद ज्यूहरु:</u>

<u>अब म हाल सम्म गरिएका उपलब्धीहरु वाचन गर्न चाहान्छु ।</u>

- वडा नं. १ को प्रशासनिक भवन निर्माण सम्पन्न भई सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि भएको छ भने वडा नं. २ को प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ जसले गर्दा समुदायस्तरमा सेवाप्रवाह गर्न सहज हुने भएको छ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न भए पश्चात कार्यालयबाट हुने सेवा प्रवाह थप सहज, सरल, प्रभावकारी तथा सेवाग्राहीमैत्री बन्न पुगेको छ।
- पूर्वीचौकी गाउपालिका भित्र विभिन्न समुदायका विपन्न, असहाय, १२५ जना व्यक्तिहरुलाई १५ लाख आर्थिक सहायता वितरण गरिएको छ ।
- गाउँपालिकाका ७ वटै वडाहरूमा व्यक्तिगत घटना दर्ता व्यवस्थापनलाई थप प्रभावकारी, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन पूर्ण रूपमा अनलाइन प्रणालीमा आधारित सेवा सञ्चालन गरिएको छ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई व्यवस्थित, पारदर्शी तथा सहज बनाउन गाउँपालिकाका ७ वटै वडाका सबै लाभग्राहीहरूलाई बैंकिङ प्रणालीमार्फत भुक्तानी हुने व्यवस्था गरिएको छ।
- अशक्त, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति लगायतका लाभग्राहीहरूको सहजताका लागि वडास्तरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य नियमित रूपमा सञ्चालन गरिएको छ।



Scanned with CamScanner

- अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूको लागि गाउँपालिकाद्वारा सञ्चालित वस सेवामा भाडा छुट प्रदान गरिएको छ। साथै, गर्भवती महिलाहरूलाई सुरक्षित मातृत्व सेवामा पहुँच सुनिश्चित गर्न जिल्ला सदरमुकामसम्म निःशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराइएको छ।
- डोटी जिल्लाको पहिलो वडाका रुपमा वडा नं. १ लाई वालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ, र वडा नं. २, ३ र ४ लाई आ.व. २०८३/०८४ मा वालमैत्री स्थानीय शासन वडा घोषणा गर्ने योजना रहेको छ ।
- १० शैय्याको अस्पताल भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेको र थप व्यवस्थित गर्न आवश्यक व्यवस्थापकीयलाई निरन्तरता दिईएको छ । अस्पतालमा थप व्यवस्था भएपछि स्थानीय समुदायले गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच प्राप्त गरी प्रत्यक्ष लाभ लिन सक्नेछन्।
- गाउँपालिका भित्रका शाखा तथा ग्रामीण सडकहरूलाई बाह्रै महिना सहज रूपमा सञ्चालन गर्न सकिने बनाउने उद्देश्यले सडक स्तरोन्नति तथा सुधारका कार्यहरू सञ्चालन गरिएको छ।
- पालिकास्तरीय अपाङ्गता परिचय पत्र वितरण समिति मार्फत ४६ जना विभिन्न वर्गका अपाङ्गता परिचय पत्र वितरण गरिएको छ भने परिचय पत्र वितरण कार्य निरन्तर चलिरहेको छ ।
- राष्ट्रिय रोजगार कार्यक्रम मार्फत यस पालिकामा सूचिकृत भएकाहरु मध्य ४१९ जनालाई १०० दिन रोजगारीमा संलग्न गरिएको छ ।
- महिला विकास कार्यक्रम अन्तरगत विभिन्न सीपमुलक (धुप, चिम, सिलाई कटाई, सिस्नो पाउडर, मुडा, आरन) तालिम कार्यक्रममा
- उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी आमाहरुलाई पोषण कोसली कार्यक्रम अन्तरगत ७९९ जना आमाहरुलाई पोषण कोसेली वितरण गरिएको छ ।
- ७ वडाका ३८ जनालाई ४८ घण्टे (८ दिने) मेलमिलाप कर्ता तालिम उपलब्ध गराई सुचिकृत प्रक्रियामा रहेको छ ।
- शैक्षिक गुणस्तर विस्तार गर्न १२ वटा सामुदायिक विद्यालयहरुमा ICT, विज्ञान प्रयोगशाला तथा पूस्तकालय वितरण गरिएको छ ।



Scanned with CamScanner

- गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत सीपविकास तालिम (हातेहोजिरी, सिन्के धुप, सिलाईकटाई, तरकारी खेती, सिस्नो पाउडर, अदुवा खेती) मा १६६ जना र स्तरोन्नती तर्फ ६८ जनालाई तालिम प्रदान गरिएको छ ।
- वडा न १ अन्तर्गत छेपलाडी सामुदायिक स्वास्थ्य भवन, शाजेन्द्रेश्वर माध्यमिक विद्यालय, नृभुवरी आधारभूत विद्यालयको दुई कोठे भवन तथा खेलमैदान निर्माणका साथै छेपलाडी देखि गडपाटा सम्मको सडक निर्माण र स्तरोन्नति कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. २ अन्तर्गत पर्यटन प्रवर्द्धनका लागि मिनी खसड क्षेत्रमा भौतिक संरचना निर्माण र संचालन, भारतोली माध्यमिक विद्यालयमा वालमैत्री भवन निर्माण, विद्यालयहरुमा फर्निचर निर्माण, आसिकार्ने देखि वडा कार्यालयसम्म तथा रातापड देखि तल्लो रिखाडा सम्म सडक निर्माण तथा स्तरोन्नति, होमस्टे सञ्चालन तथा व्यवस्थापन र नेत्रेश्वरी माध्यमिक विद्यालयको चार कोठे पक्की भवन निर्माण लगायतका महत्वपूर्ण कार्यहरू सम्पन्न गरिएका छन् ।
- वडा नं. ३ अन्तर्गत दुर्गा माध्यमिक विद्यालयमा फर्निचर व्यवस्थापन तथा दुई कोठे भवन निर्माण, साजघाट देखि झिग्राना सम्मको सडक स्तरोन्नति, मालिका आधारभूत विद्यालयको दुई कोठे भवन निर्माण, भागेश्वर आधारभूत विद्यालयको दुई कोठे भवन निर्माण, सामुदायिक स्वास्थ्य भवन निर्माण, सानागाउँ चौराहा देखि डुङ्ग्री सम्म सडक निर्माण तथा स्तरोन्नति, साथै भूकम्पवाट प्रभावित १७ जना लाभग्राहीहरूको आवास निर्माण कार्य सम्पन्न गरिएको छ।
- वडा नं. ४ अन्तर्गत सरस्वती माध्यमिक विद्यालयमा प्राविधिक धार सञ्चालन तथा व्यवस्थापन कार्य भइरहेको छ भने वहुउद्देश्यीय छात्रावास निर्माण कार्य अन्तिम चरणमा रहेको छ। कृषकहरूलाई आत्मनिर्भर वनाउने उद्देश्यले धौलावस्तीमा तरकारी पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको छ। भकारे-सानागाउँ खानेपानी आयोजना मार्फत खानेपानी व्यवस्थापन गरी केही घरधुरीहरूमा मिटर जडान गरिएको छ भने बाँकी घरधुरीहरूमा समेत चालु आर्थिक वर्ष भित्र मिटर जडान गर्ने व्यवस्था गरि कार्य सम्पन्न हुनेछ। साथै, विभिन्न टोलहरूमा सामुदायिक भवन निर्माण, प्रत्येक विद्यालयमा दिवा खाजा भवन निर्माण, गण्डीगाड लिफ्ट खानेपानी आयोजनाको डिपिआर तयार गरी योजना सञ्चालनको तयारीमा रहेको तथा त्रिवेणीधाममा प्रतीक्षालय र मन्दिर निर्माण लगायतका महत्वपूर्ण कार्यहरू सम्पन्न तथा सञ्चालन गरिएका छन्।



Scanned with CamScanner

- वडा नं. ५ अन्तर्गत चिन्नेकोट देखि काडामाण्डौं सम्म सडक सञ्चालन निरन्तर सुचारु गरिएको छ भने गादीहाल्ने देखि बटालागाउ सम्म सडक निर्माण कार्य सम्पन्न गरिएको छ। महालक्ष्मी आधारभूत विद्यालयको भवन निर्माण कार्य प्रगतिमा रहेको छ। साथै, मालिका मन्दिरको संरक्षण, हेरचाह तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइएको छ।
- वडा नं. ६ अन्तर्गत शिशु सुधार माध्यमिक विद्यालयमा कक्षा ११ र १२ सञ्चालन, कृषिको आधुनिकीकरण तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले नमुना पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको छ। साथै, शिशु सुधार माध्यमिक विद्यालयमा चार कोठे भवन निर्माण लगायत विभिन्न विकास तथा निर्माणसम्बन्धी कार्यहरू सम्पन्न गरिएका छन्।
- वडा नं. ७ अन्तर्गत सुक्लिमाटी-गजडा-बगडा-सलेना हुँदै टिमुरदह सम्म सडक निर्माण गरि स्तरोन्नति गर्ने काम भईरहेको छ। गाउँमा करिब ९० प्रतिशत वस्तिहरुमा विद्युत् विस्तार कार्य सम्पन्न भएको छ। मष्टामाण्डौ माध्यमिक विद्यालयको घेरबार निर्माण, भवानी आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना, स्वास्थ्यचौकीमा प्रयोगशाला सहितको सेवा सञ्चालन तथा स्थानीय समुदायको शान्ति सुरक्षालाई मध्य नजर गर्दै अस्थायी प्रहरी चौकी स्थापना गरिएको छ। साथै, पोखरी वृहत् खानेपानी योजनाको निर्माण प्रक्रिया प्रारम्भ गरिएको छ।

<u>आदरणीय सभासदज्यूहरु,</u>

<u>अब म आर्थिक विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।</u>

क. <u>आर्थिक विकास तर्फ :</u>

१. कृषि तथा पशु विकास

- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका खोलाहरुमा करेन्ट लगाई माछा मार्ने कार्यलाई पूर्ण रुपमा बन्देज गरी जल प्राणीको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- स्थानीय कच्चा पदार्थ (निगालो, बाँस, अल्लो, मुथो, भिमल, लोतो) तथा कृषि, वन, जडीबुटी, हस्तकला तथा घरेलु वाट साना उद्योग विकास (नेपाली कागज, डोका, डाला,) का लागि प्रोत्साहन तथा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपन्छीहरुमा लाग्ने विभिन्न रोगहरुको पहिचान तथा रोकथाम गर्न भेटरिनरी ल्यावको स्थापना गरिनेछ ।



Scanned with CamScanner

- स्थानिय स्तरमा प्रचलित काडामाण्डौ वास्मतीको उत्पादन प्रवर्द्धन, बजारीकरण र जात दर्ता प्रकृयालाई अगाडि बढाईनेछ ।
- पशुपन्छीहरुमा कृत्रिम गर्भाधान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषिजन्य वस्तुको आयातमा प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन बासपति धान, मकै, गहुँ, कोदो, कागुनो, बेथे जस्ता रैथाने खाद्यान्न बाली लगायत तोरी, भटमास, तरकारी, फलफुल, दुधमा आत्मनिर्भर हुन सहयोग पुग्ने संरक्षण, प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम सञ्चालन गरीनेछ।
- स्थानीय उत्पादनलाई बजारीकरण गर्न कृषि हाटबजार स्थापना गरिनेछ ।
- कफी खेती स्थापना गर्न कफी पकेट क्षेत्रको विकास गरिनेछ ।
- कृषकहरुले उत्पादन गरेको खाद्य वस्तुहरुको बजारीकरणका लागि सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि बाली तथा पशुपालन विमा कार्यक्रम प्रवर्द्धन गर्न ७ सातै वडामा अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- "किसान हुनमा, मलाई गर्व" छ भन्ने नाराका साथ उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- "पोषणयुक्त खाना, स्वच्छ जीवन" भन्ने नाराका साथ पूर्वीचौकी गाउँपालिकाको ७ वटै वडामा एक/एक वटा स्वच्छ मासु पसल र उन्नत खालको डेरी स्थापनाका लागि प्रोत्साहन तथा तालिमको व्यवस्था गर्ने नीति लिइनेछ ।
- स्थानीय कच्चा पदार्थको प्रयोग गरि एक वडा एक उत्पादन कार्यक्रम स्थापना गरिने नीति लिइनेछ।
- पूर्वीचौकी गाउँपालिकाको स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नका लागि प्रत्येक विद्यालयहरुमा स्थानीय उत्पादित खाद्यान्नको खाजा खुवाउने कार्यक्रम निजी क्षेत्र, गैरसरकारी संस्था र सहकारी क्षेत्रको समन्वय र सहकार्यमा सञ्चालनमा निरन्तरता दिई अनुगमन मार्फत प्रभावकारी बनाइनेछ ।
- उन्नत जातका पशुचौपायाको विकासको लागि उन्नत जातको नश्ल सुधार गरि उत्पादनमा वृद्धि गरिने नीति लिइनेछ ।



Scanned with CamScanner

- बाँझो जमिनको उपयोग गरि विभिन्न खालका उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- माटो परिक्षण गरि नगदे तथा खाद्यान्न वाली [illegible] गरिने नीति लिइनेछ ।
- पालिकास्तरीय शित भण्डार र वडा स्तरीय संकलन केन्द्र स्थापना गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- कृषि क्षेत्रमा देखिने रोग किराहरुको प्रकोप कम गर्न वालि संरक्षण कार्यक्रम संचालन गरिनेछ। जस अन्तरगत वालि संरक्षण सामाग्रीहरु वितरण, वाली उपचार शिविर र कृषक पाठशालाहरु संचालन गरिनेछ ।
- वास्तविक किसान पहिचान र डिजिटल अभिलेख व्यवस्थापन गर्न किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## २. रोजगार, सीप तथा उधमशीलता विकास

- श्रमसंसार पोर्टल मार्फत स्थानीय रोजगारी सिर्जना गर्नमा समन्वय तथा कार्यान्वयन गरि आन्तरिक रोजगारीमा सहजता वढाइनेछ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको वजेटमा शत प्रतिशत वजेट साझेदारी गरी वढी भन्दा वढी सूचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई रोजगारी सिर्जना, उधमशीलता विकास तालिममा सहभागी गराइने नीति लिइनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सम्पुर्ण पालिकामा कार्यान्वयन हुने योजनाहरुमा रोजगार, सीप तथा उधमशीलता केन्द्रमा सूचिकृत भएकाहरुलाई मात्र काममा खटाउने नीति लिई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।
- पालिकास्तरीय विभिन्न रोजगारीमा संलग्न गराउन व्यक्ति तथा फर्म/समुह/संघसंस्था अनिवार्य रुपमा सूचिकृत गराएर मात्र सहभागी गराइने नीति लिइनेछ ।
- दिगो रोजगारी तथा स्वरोजगारी वन्न उधमशीलता तालिम (३९० घण्टा) गराउने र उधमी वन्न वा स्वरोजगारी वन्न ईच्छुक व्यक्तिहरुका लागि विउ पुजीको व्यवस्थापन गरिने नीति लिइने छ।
- सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी समुदायस्तरीय जनचेतनामुलक क्रियाकलाप संचालन गरिनेछ।
- रोजगारीको सिलसिलामा भारतमा गएका सम्पुर्ण व्यक्तिहरुको तथ्याङ्क संकलन गरिनेछ ।



Scanned with CamScanner

### ३. सहकारी तथा वित्तीय विकास

- पालिकास्तरीय सहकारी नियमन प्रणाली लागु गरी सम्पूर्ण सहकारी संस्थाहरुको तथ्याङ्क संकलन तथा अनुगमन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- वैंक तथा वित्तिय संस्थाले प्रदान गर्ने वित्तिय सेवामा आम नागरीकको पहुच अभिवृद्धि गर्न र विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तिय साक्षरता, अभिमुखीकरण एवं क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम वैंक तथा वित्तिय संस्थाको साझेदारीमा सञ्चालन गरीने नीतिलाई निरन्तरता दिइनेछ ।
- राजस्व प्रवर्द्धन तथा वित्तीय व्यवस्थापनका लागि पुर्ण रुपमा विद्युतीय प्रणाली प्रयोग गरीने नीतिलाई निरन्तरता दिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्वारा पूर्ण रुपमा वैकिङ्ग प्रणाली मार्फत सञ्चालन गरीएको सामाजिक सुरक्षा कार्यक्रमलाई सबै वडामा विस्तार गरी वडा तहमै जेष्ठ नागरिक, अपाङ्गता भएका, असहाय र अशक्त लाभग्राहीहरुलाई वैकसँग सहकार्य गरि वितरण गरीने नीतिलाई निरन्तरता दिइनेछ ।

### ४. पर्यटन विकास

- "हाम्रो कला संस्कृति हाम्रो पहिचान" भन्ने नारा सहित पूर्वीचौकी गाउँपालिकामा रहेका रानढुङ्गा, जाजला ताल, त्रिवेणीधाम, मालिका मन्दिर, मष्टावण्डाली, शाजेन्द्रेश्वर, नेत्रेश्वरी, मष्टेश्वरी, सल्कट्याल, देवी/तेडीमाणु, वाराही र खापर जगनाथ लगायतका सम्पूर्ण मठ मन्दिरहरुको संरक्षण र सम्वर्द्धनमा निरन्तरता दिइनेछ ।
- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका धर्मशाला, मठमन्दिर, उद्यान, गुठि आदिको सम्वर्द्धन तथा संरक्षण गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिका वडा नं. १ को खापरदह परिसरमा निर्माण भएको विपि पार्क उद्यानलाई व्यवस्थित वनाउन निरन्तरता दिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको पर्यटन विकासलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सानागाउ देखि खसड केवलकार र जिप लाइन निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ ।



Scanned with CamScanner

- त्रिवेणीधाम क्षेत्रलाई धार्मि पर्यटकीय क्षेत्रका रुपमा परिणत गर्न पहल गरिनेछ ।

आदरणीय सभासद ज्युहरु

अव म सामाजिक विकास तर्फका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

ख. सामाजिक विकास तर्फ :

१. शिक्षा विकास

- जहाँ विद्यार्थी त्यहाँ शिक्षक, जहाँ शिक्षक त्यहाँ विद्यार्थी, जहाँ विद्यालय त्यहाँ शिक्षक भन्ने मूल नाराका साथ विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यलाई निरन्तर रुपमा अगाडी बढाइनेछ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मूल मर्म अनुसार आधारभूत तह स्थानीय पाठ्यक्रमको आधारमा कक्षा ४-८ सम्मको स्थानीय पाठ्यपुस्तक निर्माणको काम अगाडी बढाइने नीतिलाई निरन्तरता दिइनेछ।
- विद्यालयका खेलकुद प्रशिक्षक तथा विद्यार्थी खेलाडीका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने नीति लिइने छ ।
- सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयका विद्यार्थीहरुका लागि खेल सामाग्रीको व्यवस्था गरीने नीति लिइनेछ ।
- आधारभूत तह कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुको लागि कोचिङ्ग तथा टिउसन कक्षाको व्यवस्था गरीने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा एंकरुपताको लागि शैक्षिक क्यालेण्डरको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीहरुको प्रतिभा पहिचानका लागि पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरीने नीति नीति लिइने छ ।
- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको क्षमता अभिवृद्धि गर्नका लागि शैक्षिक अवलोकन तथा भ्रमणको व्यवस्था गरीने छ ।
- खेलकुद क्षेत्रको विकास तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले पालिका स्तरीय खेलकुद मैदानको व्यवस्था गरीने नीति लिइनेछ ।



Scanned with CamScanner

- गाउँ शिक्षा योजना तयार तथा स्वीकृती गरी कार्यान्वयनमा ल्याउने नीति लिइने छ ।
- कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुको लागि निरन्तर विद्यार्थी मूल्याङ्कनमा आधारित पोर्टफोलियोको व्यवस्था गरीने नीति लिइनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले समयमा नै निशुल्क पाठ्यपुस्तक वितरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाइने नीतिलाई निरन्तरता दिइनेछ ।
- आधारभूत तहमा लिइने गाउँपालिका स्तरीय कक्षा ८ को बार्षिक परीक्षालाई व्यवस्थित तथा मर्यादित बनाउदै लगिनेछ ।
- शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारिहरुको पेशागत क्षमता विकास गर्न तालिम तथा गोष्ठी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका अनुदान शिक्षक दरबन्दीलाई आवश्यकताको आधारमा व्यवस्थित गरी शैक्षिक गुणस्तरलाई अभिवृद्धि गरीनेछ ।
- शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न आधारभुत तथा माध्यामिक तहको शिक्षालाई प्रविधिमैत्री शिक्षा वनाइने नीति लिइनेछ ।
- "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने मूल नाराका साथ पालिका तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरीनेछ ।
- आधाराभुत तह कक्षा ८, एसईई र कक्षा १२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई प्रोत्साहन र पुरस्कृत गरीनेछ ।
- आमावावु विहिन तथा संरक्षण विहिन बालवालिकाहरुको स्थायी रुपमा व्यवस्थापन गर्न पालिकास्तरीय छात्रावास सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउन कम्प्यूटर नभएका विद्यालयलाई कम्प्यूटर उपलब्ध गराईने नीतिलाई निरन्तरता दिइनेछ ।
- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका सरस्वती माविको निशुल्क सिभिल ईन्जिनिरिङ्ग (डिप्लोमा) अध्यापनलाई निरन्तरता दिँदै, मष्टामाण्डौ मा.वि.मा वन विज्ञान विषय र शाजेन्द्रेश्वर मा.वि. मा कृषि विषयको अध्ययन गराउने नीति लिइनेछ । जसका लागि कार्यदल गठन गरी सम्भावना अध्ययन गरीनेछ ।



Scanned with CamScanner

- गरीब, विपन्न, दलित र पिछडिएका उत्कृष्ट विद्यार्थीहरुको उच्च शिक्षाको लागि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- खेलकुद क्षेत्रको समग्र विकासको लागि पालिका स्तरमा सुविधा सम्पन्न एक खेलकुद मैदान निर्माणको लागि पहल गरीनेछ ।
- खेलकुद क्षेत्रलाई प्रभावकारी बनाउन पालिका स्तरिय अध्यक्ष कप खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नमुना माध्यामिक विद्यालय संचालन गर्न विद्यालय शैक्षिक गुरुयोजना निर्माण गरिने नीति लिइनेछ।

## २. सामाजिक सुरक्षा तथा पञ्जीकरण विकास

- सामाजिक सुरक्षा सेवा कार्यक्रमलाई प्रभावकारी र प्रविधिमैत्री बनाइनेछ।
- सामाजिक सुरक्षा लाभग्राहीहरुको अभिलेख अद्यावधिक, IRIS तथा डिजिटल प्रणालीमार्फत वितरण व्यवस्थापन, घरदैलो सेवा कार्यक्रम, घुम्ति शिविर संचालन र लाभग्राहीहरुसगँ अन्तरक्रिया कार्यक्रम प्रत्येक वडाहरुमा संचालन गर्ने नीति लिईनेछ।

## ३. स्वास्थ्य विकास

- विपन्न नागरीकहरुलाई विभिन्न रोगहरु जस्तै : क्यान्सर, मुटुरोग, मृगौला सम्वन्धीको रोग, अल्जेमर, पार्किन्सन, हेड ईन्जुरी, स्पाईनल ईन्जुरीमा दिईने सिफारिसलाई निशुल्क प्रदान गरीने कार्यलाई निरन्तरता दिईने छ साथै राज्यले दिर्घरोगी (क्यान्सर, मृगौला रोगी, स्पाईनल ईन्जुरी) हरुलाई दिदै आएको मासिक भत्तालाई व्यवस्थित बनाउन विशेष पहल गरीनेछ ।
- <u>"सरसफाई स्वास्थ्यका लागि लगानी हो"</u> भन्ने अभियान अन्तर्गत गाउँघर-आगन, बाटो तथा टोल सफा राख्नका लागि पूर्ण सरसफाई प्रवर्द्धन गरी वडा कार्यालय मार्फत निरन्तर रुपमा अघि वढाईनेछ ।
- सामुदायिक स्वास्थ्य इकाई कुडासैन, गजडा र टिमुरदहमा वर्थिङ्ग सेन्टरको स्थापना गर्ने नीति लिईनेछ ।
- प्रत्येक महिना नियमित रुपमा गर्भवती महिलाहरुको लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सन्चालन गर्ने निति लिईनेछ ।



Scanned with CamScanner

- प्रत्येक महिनामा नियमित रुपमा खोप क्लिनिक सञ्चालन गरी बालबालिकाले पाउनु पर्ने खोप पुरा गरी पूर्ण खोप पालिका वडा घोषणा गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयम सेबिकाहरुलाई कार्य अबधी पुरा भए पछी प्रोत्सानको ब्यबस्थापन गर्ने छ।
- "स्वस्थ जीवन आयुर्वेदिक उपचार" भन्ने अभियानका साथ योग शिक्षा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकामा योग प्रशिक्षकको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरीने छ ।
- "आयुर्वेदिक सेवन स्वच्छ जीवन" का लागि निशुल्क रुपमा गाउँपालिका अन्तर्गत आयुर्वेद शिविर सञ्चालन गरी नागरीकको जीवनशैलीलाई आयुर्वेदमैत्री बनाईनेछ ।
- पञ्चकर्म तथा पूर्वकर्म जस्ता आयुर्वेद कार्यक्रमलाई निरन्तरता दिई ज्येष्ठ नागरीक तथा बाथ रोगीहरुको जीवनशैलीलाई सहज वनाईने नीति लिईनेछ ।
- "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" को मुल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरी स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्बनका लागि अभियानमुलक कार्यक्रमका रुपमा नागरिक आरोग्य अभियान संचालन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा निर्माण सम्पन्न गरीएको १० शैय्याको आधारभूत अस्पताललाई पूर्ण रुपमा सञ्चालन गर्नका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरीनेछ । साथै अस्पताल भवनको सुरक्षार्था भवन अगाडी पछाडी टेवा पर्खाल निर्माण गरिनेछ र विभिन्न आधुनिक उपकरण जडान समेन गरिनेछ ।
- पोषण सुधार गर्न पोषण संवेदनशिल र पोषण विशेष सेवाहरुको पहुँचमा सुनिश्चता गर्दै बहुक्षेत्रीय पोषण कार्यक्रमलाई स्थानीय तहमा बजेट विनियोजन गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिने नीति लिइनेछ।
- पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी, २०८० बमोजिम पोषणमैत्री स्थानीय तह घोषणा गर्ने नीति लिइनेछ ।
- गुणस्तरिय स्वास्थ्य उपचार, पाउने जनताको अधिकार, प्रवर्द्धन दक्ष स्वास्थ्यकर्मी र स्वास्थ्य सामाग्रीहरुको गुणस्तरिय व्यवस्थापन गर्ने नीति लिइने छ ।



Scanned with CamScanner

- SBA तालिम लगायतका अति आवश्यक तालिमहरु सञ्चालन गरी प्रत्येक वडामा रहेका वर्थिङ सेन्टरहरुमा तालिम प्राप्त जनशक्तिको व्यवस्था गरीनेछ । त्यसका लागि आवश्यक भएका स्थानमा खोप केन्द्र र गाउँघर क्लिनिकको व्यवस्थापन गरिने नीति लिइनेछ ।
- २४सै घण्टा सेवा गर्ने वर्थिङ सेन्टरका अनमीहरुको मनोबल उच्च पार्नका लागि अतिरिक्त भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयसेविकाहरुको मनोबल वृद्धि गर्न प्रोत्साहन र सञ्चार भत्ताको व्यवस्थापन गरीने नीति लिइनेछ ।
- नागरीकलाई गुणस्तरीय प्रभावकारी रुपमा सेवा प्रदान गर्नका लागि एकीकृत घुम्ती सेवा प्रवाह प्रणालीलाई प्रोएक्टिभ रुपमा प्रदान गरीनेछ ।
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर तथा आँङ खस्ने जस्ता रोगको पहिचान एवं निदान गर्न गाउँपालिकामा विशेषज्ञ स्वास्थ्यकर्मी सहितको स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकामा समन्वय केन्द्र स्थापना गरी एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ । साथै मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्नका लागि सुत्केरी महिलाहरुलाई जिल्ला सदरमुकाम सम्म नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।
- "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अभियान मार्फत मानसिक रोग, दिर्घ रोग तथा नसर्ने रोगको रोकथाम र न्यूनीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पालिका भित्र रहेका स्वास्थ्यचौकीहरुमा सुत्केरी सेवालाई प्रभावकारी व्यवस्थापन गर्न डेलिभरि वेड, पावरब्याकप, स्टेचरको सहज उपलब्धताको सुनिश्चततालाई निरन्तरता दिइनेछ ।
- निजी क्लिनिक एवं अस्पतालहरु संचालन गर्न दर्ता अनुमति दिने र नियमन गर्ने नीति लिइनेछ ।
- नेपाल सरकारले निशुल्क दिने औषधी बाहेकका अन्य औषधीहरु निमुखा तथा विपन्न नागरीकहरुलाई निशुल्क वितरण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई सबै वडामा विस्तार गरी अनिवार्य रुपमा लागु गरीनेछ ।

## ४. खानेपानी तथा सरसफाई विकास

- "सबै घरमा स्वच्छ पानीको पहुच" भन्ने नारा सहित पूर्वीचौकी गाउँपालिकामा दिर्घकालिन खानेपानीको व्यवस्था गर्न एक घर एक धारा नीतिलाई निरन्तरता दिइनेछ ।



Scanned with CamScanner

- वडा तहमा व्यक्तिगत सरसफाई तथा पानी शुद्धिकरणका उपायहरुको बारेमा अभियान सञ्चालन गरिनेछ ।
- खानेपानीका मुहानहरु दर्ता प्रकिया अनिवार्य गराइने छ, जसका लागि कार्यविधी निर्माण गरिनेछ।
- खानेपानी, स्वच्छता तथा सरफाई योजना निर्माण मुल देखि मुखसम्म भन्ने नारालाई प्राथमिकता दिइनेछ ।

५. संस्कृति, महिला, बालबालिका तथा जेष्ठ नागरिक विकास

- आजका बालबालिका भोलिका कर्णदार हुन भन्ने मुल मर्मलाई आत्मसाथ गर्दै समुदाय, विद्यालय, वडा तथा पालिकास्तरीय बाल क्लब/संजाल परिचालन गरि बालबालिकाहरुको क्षमता विकास गरिने नीति अवलम्बन गरिनेछ ।
- उपाध्यक्षसँग पोषण कोसेली कार्यक्रम (गर्भवती तथा सुत्केरी) लाई निरन्तरता दिइनेछ ।
- दिन प्रति दिन बढदै गई रहेको घरेलु तथा महिला हिंसा र आत्महत्यालाई न्युनीकरण गर्न नमुना घरपरिवार सम्मानका साथ पुरस्कारको व्यवस्था र समुदायस्तरीय सचेनामुलक कार्यक्रम संचालन तथा मेलमिलाप कर्ता परिचालन गरिनेछ ।
- अपाङ्ग, अल्पसङ्ख्यक तथा ज्येष्ठ नागरीकहरुको सम्मानित जीवनयापन गर्ने व्यवस्था मिलाइनेछ । जसका लागि ज्येष्ठ नागरीक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पालिका स्तरीय महिला संजाल गठन गरी सशक्तिकरण कार्यक्रम मार्फत महिलाहरुको अर्थपुर्ण सहभागिता गराइने नीति लिइनेछ ।
- लागु पदार्थ दुर्व्यसनी, मदिरापान, साईबर अपराध सम्बन्धी युवाहरुका लागि सचेतनामुलक कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- पालिकाबाट प्रदान गरीने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरीक, गर्भवती, सुत्केरी र अशक्त नागरीकलाई सेवामा प्राथमिकता दिई मुस्कान सहितको सेवा प्रदानमा जोड दिईनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको यौनिक तथा लैङ्गिक हिंसा अन्त्य अभियान अन्तर्गत उपाध्यक्ष महिला सशक्तिकरण र सीप विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानीय स्रोत, सीप, कृषि तथा वनजन्य उत्पादनका आधारित महिला उद्यमको स्थापना, विस्तार तथा विविधीकरणलाई प्रोत्साहन गरिनेछ ।



Scanned with CamScanner

- महिला उद्यमीका उत्पादन तथा सेवाको गुणस्तर अभिवृद्धि, व्रान्डिङ्ग, प्याकेजिङ्ग, बजारीकरण तथा डिजिटल प्रवर्द्धनमा सहयोग गरिनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी वनाइ घरेलु हिंसा, लैङ्गिक हिंसा, छाउपडी प्रथा जस्ता कु-प्रथाहरुको अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरीएको निःशुल्क बस सेवालाई निरन्तरता दिइनेछ।
- <u>"पुर्वीचौकी गाउँपालिकाको सन्देश, छुवाछुत माथि पुर्ण बन्देज"</u> भन्ने नाराका साथ सशक्तिकरण कार्यक्रम तथा पराम्परागत सीप सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरीनेछ ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा लैङ्गिक हिंसा सम्वन्धी नीतिगत व्यवस्था गरी जनप्रतिनिधी तथा कर्मचारी आचारसंहिता निर्माण गरी कार्यान्वयन गरीनेछ ।
- घरेलु हिंसा तथा लैङ्गिक हिंसा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, बालश्रम, बालविवाह, वहुविवाह र छाउपडी प्रथा अन्त्यका लागि वहस, पैरवी तथा चेतनामूलक अभियान सञ्चालन गरीनेछ ।
- पालिका स्तरीय बाल संजालका प्रतिनिधीहरुको क्षमता विकास गर्न र वडास्तरमा गठित बाल क्लबका प्रतिनिधीहरुलाई विभिन्न तालिम सञ्चालन गरीने नीति लिइनेछ ।
- वालभेलाबाट आएका योजनाहरुमा आवश्यकता अनुसार बजेट विनियोजन गरि कार्यान्वयन गरिने नीति लिइनेछ ।
- वालविवाह मुक्त वडा घोषणा कार्यक्रमलाई सार्थक बनाउन जन्म दर्ताको आधारमा <u>विवाह कार्डमा बर बधुको अनिवार्य रुपमा उमेर</u> समावेश गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता वा फरक क्षमता भएका नागरीकहरुको कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।
- <u>'बाबु आमा बोझ हैनन् वृक्ष हुन"</u> भन्ने नैतिक धारणाको विकास गर्न सामुदायिक मिलन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- वजार व्यवस्थापन गर्न पालिकाको क्षेत्र भित्र रहेका सबै किसिमका व्यवसायीहरुलाई अनिवार्य रुपमा वडा कार्यालयमा दर्ता गर्ने नीति लिइनेछ ।



Scanned with CamScanner

- गाउँपालिकालाई वालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न आवश्यक पूर्वाधारको विकासका लागि विद्यालयहरुमा अनुकुल वातावरण सिर्जना गरिनेछ ।
- न्यायिक काम कारवाहीलाई छिटो छरितो सरल सहज र कम खर्चिलोको रुपमा समाजमा हुने विवादलाई मेलमिलापको माध्यमवाट विवाद समाधान गरिनेछ।
- मिलापत्र भएको विवादहरुको कार्यान्वयनको पक्षका वारेमा वडा स्तरमा निगरानी समुह परिचालन गरिनेछ ।
- अध्यक्ष स्वयसेवक कार्यक्रम मार्फत दक्ष जनशक्ति तयार पारी स्वास्थ्य, शिक्षा, कृषि, पशु, सरसफाई र विपद जस्ता क्षेत्रहरुमा, युवाहरुको परिचालनलाई निरन्तरता दिइनेछ ।
- ७ वटै वडा कार्यालयमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरि मेलमिलापको माध्यमवाट विवाद समाधानमा जोड दिइनेछ र व्यवस्थापनलाई निरन्तरता दिईनेछ।
- मेलमिलापकर्तालाई मेलमिलाप सम्वन्धि पुनर्ताजगी प्रशिक्षणको व्यवस्था गरिनेछ।
- हिसा प्रभावित महिला वालवालिका र जेष्ठ नागरिकहरुलाई सुरक्षित आवास अल्पकालिन रुपमा सुरक्षित वास छोटो अवधिको सिपमुलक तालिम लगायत अन्य कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समितिलाई लैंगिक हिसा भित्रको संवेदनशिलतालाई व्यवस्थापन गर्नका लागि क्षमता अभिवृद्धि गरिनेछ।

<u>आदरणीय सभासद ज्युहरु :</u>

<u>अब म पुर्वाधार विकास तर्फका नीतिहरु प्रस्तुत गर्न चाहान्छु ।</u>

ग. <u>पुर्वाधार विकास तर्फ :</u>

- यस पूर्वीचौकी गाउँपालिकाका भुकम्पबाट क्षति ग्रस्त सम्पुर्ण घरहरुको तथ्याङ्क संकलन गरि पुनः निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ ।
- पालिका स्तरीय सडक गुरुयोजना निर्माण गरी नक्सा पास र सडकको क्षेत्राधिकारलाई नियमन गरीने नीति लागु गरीनेछ ।
- पालिका स्तरीय भवन निर्माण आचार संहिता नीति अवलम्वन गरीनेछ ।
- सिंचाई योग्य जमिनमा वाह्रै महिना सिंचाईको व्यवस्था गर्ने नीति लिईने छ । जसका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरीने छ ।



Scanned with CamScanner

- "आफ्नै मेसिन आफ्नै तेल" प्रयोग गरि ७ वटा वडाका स्थानीय सडकहरुलाई ग्राविल गरि १२ महिना सञ्चालन गरिने नीति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आवश्यक सम्पूर्ण झोलुङ्गे पुलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- संघीय र प्रादेशिक सरकारको सहयोगमा संचालित बिभिन्न पुर्वाधार योजनाहरुसंग नबाझिने गरी गाँउपालिकाको विकासका अन्य योजनाहरु शुरु गरीने छ ।
- संघ र प्रदेश सरकारसँग माग गरिने विशेष र समपुरक अनुदानका आयोजनाहरु माग गर्दा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूलाङकन र विस्तृत परियोजना प्रतिवेदन निर्माण गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकासँग जोडीएको खसड क्षेत्रबाट अत्याधिक लाभ लिन एक स्थानीय तह एक पर्यटन पूर्वाधार नीति अन्तर्गत पूर्वीचौकी गाउँपालिका वडा नं. २ मा मिनिखसड पार्कको पूर्वाधारहरु निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- ठुला तथा दिर्घकालिन असर पार्ने आयोजनाहरु निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदनका आधारमा मात्र सञ्चालन गरीने नीति निरन्तरता दिइनेछ ।
- तटवन्ध, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउन्पन्न प्रकोप नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय तथा पहल गरिनेछ ।
- पालिकास्तरीय योजना बैंक तयार गरि प्राथमिकताको आधारमा संघ, प्रदेशमा सिफारिस गर्नुका साथै स्थानीय तह मार्फत कार्यान्वयन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- योजना कार्यान्वयन गर्दा १० लाख भन्दा माथिका सबै आयोजनाहरुको ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- दलित, भुमिहिन, सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुलाई जग्गाधनी पुर्जा वितरणको लागि ७ वटै वडाहरुमा लगत संकलन लगायतका अन्य कार्यहरु सम्पन्न गर्न संघिय र प्रदेश सरकारहरुसगँ समन्वय सहकार्यका साथ अघि वढाउने नीति लिईनेछ।
- भु-उपयोग तथा व्यवस्थापन अन्तर्गत पालिका भित्र रहेको भुमि व्यवस्थाको समग्र स्थिति पहिचान गरि एकीकृत अभिलेख राख्ने कार्यको थालनी गर्दै वडा भित्रका सार्वजनिक जग्गाको खोजी गरि संरक्षण गरिने नीति लिईनेछ।



Scanned with CamScanner

- पालिकाका सेवा र सुचनाहरु अनलाईन मार्फत प्रशारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विधुतिय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ।
- सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस र सामाजिक सञ्जाल लगायत विविध प्रविधिसगैं जोडिनेछ ।
- सूचना प्रविधिको उच्चतम प्रयोग सम्वन्धि वडास्तरमा गई जनमानसमा सचेतनामुलक र अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- पालिकाको सूचना प्रवाहका लागि एकद्वार प्रणाली अपनाईनेछ र सूचना अधिकारी मार्फत जानकारी गराई सूचना प्रदान गरिनेलाई नीतिलाई निरन्तरता दिइनेछ ।
- पालिकामा बनेका ऐन, नियमावली, कार्यविधिहरु कार्यालयको वेवसाईडमा राखिने निरन्तरता दिइनेछ ।
- सूचनाको हकको प्रत्याभुति गराउदै गाउँपालिका भित्र एक विधुतिय सुचना केन्द्रको स्थापना गरिनेछ।
- सूचना प्रविधि र विद्युतीय सुशासन सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिने नीति लिइनेछ।
- गाउँपालिका भित्र सञ्चालित एफ.एम. रेडियो, पत्रपत्रिका, अनलाइन समाचार पोर्टल तथा अन्य स्थानीय सञ्चारमाध्यमको संस्थागत विकास, क्षमता अभिवृद्धि र दिगोपनाका लागि आवश्यक सहयोग तथा सहकार्य गरिनेछ ।

<u>आदरणीय सभासदज्यूहरु,</u>

<u>अव म वन तथा विपद व्यवस्थापन विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।</u>

घ. <u>वन वातावरण तथा विपद व्यवस्थापन तर्फ</u>

- सामुदायिक वन उपभोक्ता समितिहरुलाई करको दायिरा ल्याई वन तथा जडिवुटी संरक्षणका लागि विभिन्न जनचेतनामुलक तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- <u>"एक वोट, भविष्यको नोट"</u> अन्तर्गत पूर्वीचौकी गाउँपालिकाको हरियाली अभियानलाई निरन्तरता दिईने छ ।

- पालिकामा पर्ने राजमार्ग क्षेत्र तथा बजार उन्मुख स्थानहरुमा सार्वजनिक शौचालय निर्माणका लागि सरोकारवाला पक्षसँग समन्वय र सहकार्य गरीनेछ ।
- स्वच्छ उर्जा दिगो स्वास्थ्य अन्तर्गत वैकल्पिक तथा नवीकरणीय उर्जाको प्रवर्द्धन गर्ने नीति लिइनेछ । जसका लागि सुधारिएको चुलो, वायोग्यास, गोवरग्यास जस्ता कार्यक्रम सञ्चालन गरीनेछ ।
- गन्डीगाड, फुलौटी गाड, छोलेगाड र चिन्नेगाडमा ढुङ्गा, गिट्टि, वालुवा तथा नदीजन्य वस्तुहरुको संकलन सम्वन्धी प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन गरीनेछ ।
- सार्वजनिक क्षेत्र, मठ मन्दिरमा सौर्य बत्ती जडानं गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पालिकाको आफ्नो क्षेत्राधिकार भित्र पर्ने सार्वजनिक स्थल, जमीन, खोला नाला, ताल तलैया आदिको एकीन गरिने नीति लिइनेछ ।
- विपदबाट भएको क्षतिको पुर्नस्थापना तथा पुर्ननिर्माणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकता, वडास्तरमा स्वयंसेवक गठन, वृक्षारोपण अभियान, विपद् पूर्वतयारी तथा उद्धार सामग्री व्यवस्थापन, पहिरो तथा बाढी जोखिम क्षेत्रको पहिचान, DPRP, LDCP, LEOC लगायतका कार्यविधिहरुको अध्यावधिक र संचालन, विपद् न्युनिकरण सम्वन्धि सचेतिकरण कार्यक्रम संचालन, एफ एम रेडियो तथा पत्रपत्रिकावाट सुचनामुलक सन्देश प्रशारण र स्थानिय विपद जोखिम न्युनिनकरण रणनितिक कार्ययोजना तथा विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्दै लगिने निति लागु गरिनेछ।

आदरणीय सभासदज्यूहरु,

अव म सुशासन तथा संस्थागत विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## ङ. सुशासन तथा संस्थागत विकास

- "स्थानीय तहमा कार्यरत कर्मचारीहरूको (अस्थायी र करार) सामाजिक तथा आर्थिक सुरक्षा सुनिश्चित गर्न प्रचलित कानुनबमोजिम सबै योग्य कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- थप जिम्मेवारी बहन गर्ने कर्मचारीहरुलाई कानुन बमोजिम थप सेवा सुविधा दिइने नीति लिइनेछ जसका लागि कानुन निर्माण पक्रिया अगाडी बढाइनेछ ।

- सार्वजनिक सेवालाई सरल चुस्त र पारदर्शी बनाउन एकद्वार टोकन प्रणाली लागु गरीनेछ । जसका लागि सेवा प्रवाह मापदण्ड निर्माण गरी नियमित रुपमा सेवाग्राहीहरुको सन्तुष्टि सर्वेक्षण पनि गरीनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सहज बनाउन पालिका स्तरीय क्षमता विकास योजना अद्यावधिक गरी कर्मचारीहरुको क्षमता विकास तालिमको व्यवस्था गरीनेछ ।
- दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिने सम्वन्धी नीति लागु गरिनेछ ।
- गाउँपालिकाभित्र उच्चतम कर तिर्ने करदाता र कर संकलन गर्न कर्मचारीलाई सम्मान तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- तराई देखि पहाडमा बसाईसराई गरि आउने पूर्वीचौकीका बासिन्दाहरुलाई सरकारी सेवा सुविधामा प्रोत्साहन गरिने नीति लिइनेछ ।
- आर्थिक बर्षमा राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व क्षेत्रको दायरा बढाइनेछ र सोहि बमोजिम राजस्व प्रक्षेपण गर्ने र व्यापार व्यवसायीहरुलाई करको दायरामा ल्याउने नीति अवलम्बन गरीनेछ।
- सरकारले सम्पादन गरेका सबै कार्यहरुमा पारदर्शिता जवाफदेहिता प्रवर्द्धन गर्नका लागि प्रत्येक ३ महिनामा कार्य सम्पादन सार्वजनिक गर्ने नीति लिइनेछ । जसका लागि सार्वजनिक सुनुवाइ कार्यक्रमलाई अनिवार्य गराइनेछ ।
- पालिका भित्रका सबै निकायहरुमा internet जडान गरी विद्युतीय प्रणालीबाट सबै कर्मचारीहरुको हाजिर गर्ने नीति लिईनेछ।
- सेवालाई अनुमान योग्य बनाइ कार्य सम्पादनलाई चुस्तदुरुस्त बनाउन एकीकृत डिजिटल प्रोफायल निर्माण गरी कार्य सञ्चालनलाई प्रभावकारी बनाइनेछ ।
- गुनासो दर्ता तथा सुनुवाई शिक्षा सम्वन्धी अभियान सञ्चालन गरीनेछ ।
- टोल विकास सस्था गठन सम्वन्धी नीति निर्माण गरी सबै टोलमा टोल विकास संस्था स्थापना/गठन अभियान सञ्चालन गरीनेछ ।
- पालिकाद्वारा सञ्चालित योजना तथा कार्यक्रमको वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरीने नीति लिइनेछ ।



Scanned with CamScanner

- अन्तर स्थानीय तह समन्वय र सहकार्य गरी साझा र महत्वपूर्ण क्षेत्रहरुको पहिचान गरीने नीतिलाई निरन्तरता दिइनेछ।
- पालिकास्तरीय सञ्चालित विभिन्न व्यवसायहरुलाई नवीकरण गराउँदा, वडामा नवीकरण गरी सकेपछि मात्र वडाको सिफारिसमा करदाता सेवा कार्यालयमा नवीकरण गराउने नीति लिइनेछ । जसका लागि करदाता सेवा कार्यालयसँग समन्वय गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आन्तरिक राजस्वमा वृद्धि गर्नका लागि कार्यालयमा रहेका बस, एम्बुलेन्स, एक्जाभेटर र ब्याकलोडर सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा सञ्चालन गरीने विकास निर्माणका आयोजनाहरुको पारदर्शिता तथा प्रभावकारिताका लागि एकीकृत अनुगमन प्रणाली अवलम्बन गरीने नीति निरन्तरता दिइनेछ ।
- "स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली निर्दिशिका २०८२ ले निर्धारण गरेका सूचकहरूमा प्राप्त सकारात्मक उपलब्धि तथा असल अभ्यासहरूलाई निरन्तरता दिँदै सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी आवश्यक क्षमता विकास योजना तर्जुमा तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाबाट सञ्चालन हुने सेवा, कार्यक्रम तथा क्रियाकलापहरूमा नवप्रवर्तन Innovation)लाई प्रोत्साहन गरी सुशासन, सेवा प्रवाहको गुणस्तर तथा संस्थागत कार्यसम्पादनमा अभिवृद्धि गरिनेछ।"
- गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई सर्वसुलभ, छरितो, पारदर्शी तथा प्रविधिमैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ। सेवाग्राहीको पृष्ठपोषण) Feedback) प्राप्त गर्ने प्रणालीलाई संस्थागत गरी नागरिक समाज तथा सरोकारवालाहरूबाट प्राप्त गुनासा, सुझाव तथा प्रतिक्रियाहरूको समयमै सम्बोधन र समाधान गर्ने व्यवस्था सुदृढ गरिनेछ।
- सार्वजनिक परीक्षण, लैङ्गिक उत्तरदायी बजेट तथा अन्य सुशासन प्रवर्द्धनका विधि एवं औजारहरूको प्रभावकारी प्रयोग गरिनेछ।
- सामाजिक परीक्षण, तेस्रो पक्ष अनुगमन, सामुदायिक स्कोर कार्ड लगायतका सामाजिक उत्तरदायित्व तथा सुशासन प्रवर्द्धनका औजारहरूको प्रभावकारी प्रयोग गरी पारदर्शिता, जवाफदेहिता र सुशासन अभिवृद्धि गरिनेछ। साथै, सार्वजनिक स्रोतसाधनको सदुपयोग सुनिश्चित गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।



Scanned with CamScanner

- वित्तीय तथा आर्थिक अनुशासन सुदृढ गर्दै सेवा प्रणालीलाई छरितो, प्रभावकारी तथा पारदर्शी बनाउन प्रशासनिक तथा व्यवस्थापकीय कार्यमा सूचना प्रविधिको उपयोगलाई प्राथमिकता दिइनेछ। लेखा, राजस्व, जिन्सी, मानव संसाधन तथा अन्य प्रशासनिक कार्यहरूलाई क्रमशः स्वचालित तथा सफ्टवेयरमा आधारित प्रणालीमार्फत सञ्चालन गरी संस्थागत सुशासन, कार्यकुशलता र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।
- गाउँपालिकाको वेबसाइट, नागरिक वडापत्र तथा अन्य सूचना प्रवाहका माध्यमहरूको प्रभावकारी उपयोग र नियमित अद्यावधिकमार्फत सार्वजनिक सूचना तथा सेवासम्बन्धी जानकारीलाई सहज,पहुँचयोग्य र पारदर्शी बनाइनेछ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क सङ्कलन, अभिलेख व्यवस्थापन तथा सुशासन प्रवर्द्धनसम्बन्धी कार्यहरूमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरी विद्युतीय तथा अनलाइन प्रणालीमा आधारित बनाइनेछ। यसबाट सूचना व्यवस्थापन, निर्णय प्रक्रिया, सेवा प्रवाह तथा संस्थागत कार्यसम्पादनलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाइनेछ।

**अन्त्यमा:**

नीति तथा कार्यक्रम तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु सम्पादन गर्न हाम्रो सहकार्य साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा पूर्वीचौकी गाउँपालिकाले विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय, अन्तराष्ट्रिय संघ संस्थाहरु, टोल विकास संस्थाहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक धन्यवाद दिन चाहान्छु ।

नीति, वजेट तथा कार्यक्रमहरु निर्माण गर्ने शिलशिलामा राजस्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत अन्य विषयगत समितिहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्य ज्युहरु, गाउँपालिकाका कर्मचारीहरुको एकता, संवेदनशिलता तथा क्षेत्रगत सूचनाको जानकारी सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो ।

नीति, वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण राजनीतिक दलहरु, सरकारी तथा गैर सरकारी संस्थाहरु, नागरिक समाज, उद्योगी,



Scanned with CamScanner

व्यावसायीहरु, बुद्धिजिवीहरु, सञ्चारकर्मीहरु, सम्पूर्ण राष्ट्र सेवक कर्मचारी साथीहरु तथा गाउँपालिका वासी आमावुवा, दाजुभाइ, दिदिबहिनी तथा ईष्ट मित्रहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

। धन्यवाद ।

..............................

<u>पेश गर्ने</u>

राम प्रसाद उपाध्याय

अध्यक्ष

# पूर्वीचौकी गाउँपालिकाका उपाध्यक्ष श्री पशुपती खडका ज्यूद्वारा गाउँसभाको १९औं अधिवेशनमा प्रस्तुत गरीएको आर्थिक वर्ष २०८३/०८४ को

बजेट-२०८३/०८४

## पूर्वीचौकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## सानागाउँ, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

यस पूर्वीचौकी गाउँपालिकाको गाउँ सभाको १९औं अधिवेशनका सभाध्यक्ष ज्यू, सचिव ज्यू, गाउँ सभाका सभासद ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधी ज्युहरु, संचारकर्मी मित्रहरु र सम्पुर्ण उपस्थित आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु, समाजसेवी, बुद्धिजिवी महानुभावहरु, पूर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहान्छु ।

यस अवसरमा म नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजहरुलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टचार नियन्त्रण, आर्थिक रुपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षा सहित २०८३ भाद्र २३ र २४ गते युवापुस्ताको ऐताहासिक सहभागीतामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने नागरिक तथा राष्ट्रसेवक एवम् लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नु हुने ज्ञात-अज्ञात शहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनु भएका सम्पुर्ण योद्धाहरुको शिघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । साथै विभिन्न राजनीतिक आन्दोलनका क्रममा बेपत्ता नागरीक, घाइते योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त अनुरुप कार्य गर्ने यस सभामा प्रतिबद्धता जनाउन चाहान्छु ।

आर्थिक समृद्धि मार्फत गरीबी निवारण गरी समाजमा सुशासन, अमनचयन कायम गराउनमा हामी प्रतिबद्ध भई सो अनुरुपको नीति तथा कार्यक्रमका लागि हामी प्रतिबद्ध छौं ।

नेपालको संविधान, अन्तराष्ट्रिय प्रतिबद्धता, दिगो विकासका लक्ष्य, सोह्रौं पञ्चवर्षिय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, विगतको अनुभव र राम्रा अभ्यासका आधारमा यो बजेट तयार पारिएको छ ।

Scanned with CamScanner

आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :

अब म गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तर्जुमा गर्दा लिएका नीतिगत आधार प्रस्तुत गर्न चाहान्छु।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय र अन्तर सम्बन्ध सम्वन्धी ऐन, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७४
- विधमान राष्ट्रिय प्रादेशिक र स्थानीय नीति
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधी, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी वजेट नमुना निर्देशिका, २०७७
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा आवश्यक दफा र नियम
- स्थानीय तहको आवधिक योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, ऐन, कानुन, कार्यविधि तथा मापदण्डहरु
- १६औं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु
- दिगो विकासका लक्ष्यहरु,

Scanned with CamScanner

- विकासका अन्तर सम्बन्धित विषयहरु
- स्थानीय सरकारले जनता समक्ष गरेका प्रतिवद्वतावाट सिर्जित दायित्व
- गाउँपालिकाको आन्तरिक स्रोत साधन तथा यसको सम्भाव्यता

**आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :**

**अब म आ.व २०८३/०८४ को आय तर्फ अनुमानित बजेट प्रस्तुत गर्न चाहान्छु**

| क.स | शीर्षक | अनुदान प्रदान गर्ने निकाय/स्रोत | रकम | अक्षरेपी |
|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | संघ | ९,०९,००,००० | नौ करोड नौ लाख मात्र । |
| | | प्रदेश | ८०,४२,००० | असी लाख बयालिस हजार मात्र |
| २ | राजश्व बाडफाड | संघ | ९,२३,६७,००० | नौ करोड तेइस लाख सत्सठ्ठी हजार मात्र । |
| | | प्रदेश | ३३,२३,४०० | तेत्तिस लाख तेइस हजार चार सय मात्र । |
| ३ | विशेष अनुदान | संघ | १,६४,००,००० | एक करोड चौसठ्ठी लाख मात्र । |
| | | प्रदेश | २०,५०,००० | बीस लाख पचास हजार मात्र । |
| ४ | सशर्त अनुदान | संघ | २३,३०,००,००० | तेइस करोड तीस लाख मात्र । |
| | | प्रदेश | २,५३,००,००० | दुई करोड त्रिपन्न लाख मात्र । |
| ५ | सपपुरक अनुदान | संघ | ३,४७,००,००० | तीन करोड सच्चालिस लाख मात्र । |
| | | प्रदेश | १,३८,७८,००० | एक करोड अठतिस लाख अठहत्तर हजार मात्र । |
| ६ | आन्तरिक आय | स्थानीय | १,००,००,००० | एक करोड मात्र (अनुमानित) |
| **जम्मा रकम** | | | **५२,९९,६०,४००** | **बाउन्न करोड उन्नासय लाख साठी हजार चार सय मात्र** |

Scanned with CamScanner

आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :

अब म आ.व २०८३/०८४ को व्यय तर्फको अनुमानित बजेट प्रस्तुत गर्न चाहान्छु

| क्रस. | शीर्षक | रकम (रु हजारमा) | अक्षेरुपी |
|---|---|---|---|
| १ | चालु तर्फ | ३७, ०९,७२,२८० | सईतिस करोड नौ लाख बहत्तर हजार दुई सय असी मात्र । |
| २ | पुजीगत तर्फ | १५,८९,८८,१२० | पन्ध्र करोड उनानब्बे लाख अठासी हजार एक सय बीस मात्र । |

अन्त्यमा:

आ.व. २०८३/०८४ को वजेट निर्माणको शिलशिलामा राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत अन्य विषयगत समितिहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्य ज्युहरु, गाउँपालिकाका कर्मचारीहरुको एकता, सम्वेदनशिलता तथा क्षेत्रगत सूचनाको जानकारी सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो ।

वजेट तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण राजनीतिक दलहरु, सरकारी तथा गैर सरकारी संस्थाहरु, नागरिक समाज, उद्योगी, व्यावसायीहरु, वुद्धिजिवीहरु, सञ्चारकर्मीहरु, सम्पूर्ण राष्ट्र सेवक कर्मचारी साथीहरु तथा गाउँपालिका वासी आमावुवा, दाजुभाइ, दिदिवहिनी तथा ईष्ट मित्रहरुमा हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद ।

प्रस्तुत गर्ने
पशुपती खडका
उपाध्यक्ष

Scanned with CamScanner